REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 22.01.2024

- Finance Commission

पाँच दिने सिक्किम भ्रमणको क्रममा आज नाम्ची जिल्ला पुगेका भारतको सोल्हौं वित्त आयोगका सदस्यहरूले यहाँ सिद्धेश्वर धामको दर्शन गरे। यहाँ भगवान शिवको दर्शनपछि सिद्धेश्वर धामको सम्मेलन कक्षमा सम्पन्न बैठकमा आयोगका सदस्यहरूले उपस्थिति जनाए, जहाँ नाम्चीकी जिल्लाधीश सुश्री अनुपा तामलिङले प्रशासनका विभिन्न पहलहरूबारे जानकारी गराउँदै जिल्लावासीको उत्थानका निम्ति प्रशासनको नेतृत्वमा भइरहेका विभिन्न योजना र परियोजनाहरूको बारेमा अवगत गराउनुभयो।

नाम्चीका खण्ड विकास अधिकारी श्री उपेन्द्र राईले यस खण्डले प्राप्त गरेको सफलता र अवस्थाबारे आफ्नो विचार साझा गर्दै वित्त आयोगद्वारा वित्तपोषित विभिन्न गतिविधिहरूमाथि प्रकाश पार्नुभयो। उहाँले यस खण्डको समग्र आर्थिक वृद्धिमा सुधारको उद्देश्यले कोष जुटाउनमा गरिएका धेरै परियोजना र पहलहरूबारे चर्चा गर्नुभयो।

आज बिहान मंगन जिल्लाको भ्रमण पूरा गर्ने क्रममा वित्त आयोगका अध्यक्ष डाक्टर अर्विन्द पानागरियासहित सम्पूर्ण सदस्यहरूले युमथाङ उपत्यकाको भ्रमण गर्दै वन विभागका अधिकारीहरूसित अन्तरक्रिया गर्नुभयो।

यहाँबाट गान्तोक भएर नाम्ची जिल्ला प्रस्थान गर्नअघि डाक्टर पानागरियाले वित्त आयोगको तर्फबाट सबैप्रति कृतज्ञता व्यक्त गर्दै यो यात्रामा यस क्षेत्रले भोग्नुपरिरहेका चुनौती साथै अन्य विभिन्न विषयबारे जानकारी बटुल्ने अवसर प्राप्त भएको बताउनुभयो।

-------------------------------------X-------------------------------------

- <u>BBBP Program</u>

महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा दिव्याङ्ग कल्याण विभागले बेटी बचाओ बेटी पढाओ पहलको दशौं वार्षिकोत्सवको अवसरमा आगामी आठ मार्चसम्म चल्नेकार्यक्रमको आज राज्यभरी शुभारम्भ गरेको छ।

यता नाम्ची जिल्लामा विधायक श्री सतिश चन्द्र राईले कार्यक्रमको उदघाटन गर्नुभयो, जसको उद्देश्य शिक्षा र जागरूकताको माध्यमबाट लैङ्गिक समानतालाई प्रवद्धन गर्नसितै महिलाहरूलाई सशक्त बनाउनु हो।

सिक्किम राज्य महिला आयोगकी अध्यक्ष श्रीमती तानी डोमा भोटियाको विशेष उपस्थिति रहेको कार्यक्रमलाई सम्बोधन गर्दै श्री सतिश चन्द्र राईले BBBP योजनाबाट प्राप्त हुने लाभ र समाजमा यसको प्रभावबारे बताउनुभयो। उहाँले भन्नुभयो, सामाजिक मानसिकता परिवर्तन गर्न र लैङ्गिक समानतालाई प्रोत्साहन गर्न यस योजनाले उल्लेखनीय योगदान पुऱ्याएको छ। जोरथाङमा हिजो सम्पन्न माघे मेलाको उल्लेघ गर्दै श्री राईले भन्नुभयो, आठ दिनव्यापी मेलामा महिलाहरूको सहभागिता उत्साहपूर्ण रहेको देखियो।

सहायक निदेशक एवं BBBP-की जिल्ला नोडल अधिकारी सुश्री सोफिया लेप्चाले महिलाहरूको सुरक्षा र भलाइका निम्ति सामुहिक प्रयासको आवश्यकताबारे जोड़ दिनुभयो।

कार्यक्रममा विधायक श्री राई र अन्य अधिकारीहरूको नेतृत्वमा शपथ एवं हस्ताक्षर अभियान पनि चलाइयो, जहाँ BBBP पहलबारे जागरूकता फैलाउने र लैङ्गिक समानताको वकालत गर्ने प्रतिबद्धता दोहोऱ्याइयो।

---------------------------------------X---------------------------------------

- <u>Awardee: Republic Day</u>

सिक्किम राज्यको सोरेङ जिल्लाअन्तर्गत श्रीबदाम निवासी  प्रधानमन्त्री मत्स्य सम्पदा योजनाका लाभार्थी मत्स्य पालक सामडुप भोटियालाई देशको राजधानीमा पालन गरिने राष्ट्रिय स्तरको गणतन्त्र दिवसको अवसरमा सम्मान जनाइने भएको छ। यसका निम्ति उहाँलाई गणतन्त्र दिवसको दिन राष्ट्रपति श्रीमती द्रौपदी मूर्मुसित भेट गर्न दिल्लीमा निमत्याइएको छ। सरकारी पहलअन्तर्गत सशक्तिकरणको दिशामा यो एउटा ज्वलन्त उदाहरण हो।

- <u>Raj Bhawan</u>

भारत सरकारको सूचना विज्ञान केन्द्र, इलेक्ट्रोनिक्स एवं सूचना प्रौद्योगिकी मन्त्रालयअन्तर्गत सिक्किम राज्य एकाईका राज्य सूचना विज्ञान अधिकारी डाक्टर LP शर्मासहित उहाँको टोलीले आज राज भवनमा राज्यपाल श्री ओमप्रकाश माथुरसित भेट गऱ्यो।

श्री शर्माले राज्यपाललाई सिक्किम राज्यमा चलिरहेका डिजिटल इण्डिया पहलहरू जस्तै E-जिल्ला, E-जेल, E-कार्यालय, सार्वजनिक वितरण प्रणाली, E-परिवहन, E-टेन्डरिङ आदिको बारेमा अवगत गराउनुभयो। उहाँले यस अवसरमा श्री माथुरलाई राष्ट्रिय सूचना विज्ञान केन्द्र, सिक्किम राज्य एकाईको परियोजना प्रोफाइलको एक प्रति पनि प्रस्तुत गर्नुभयो। यस सम्बन्धि विभिन्न मुद्दा र चुनौतीमाथि पनि राज्यपाललाई जानकारी गराइयो, जसबारे बोल्दै उहाँले चुनौतीको सामना गर्न हरसम्भव सहायता गर्ने आश्वासन दिनुभएको छ।

---------------------------------------X---------------------------------------

- <u>NYK Road Safety Camp</u>

My Bharat-अन्तर्गत नेहरू युवा केन्द्रले सिक्किम ट्राफिक पुलिस, नाम्ची अनि साई नाम्चीसितको सहयोगमा गत सत्र जनवरीदेखि नाम्ची शहरमा आयोजना गरेको सड़क सुरक्षा जागरूकता अभियानको भोली समापन हुनेछ।
युवाहरूलाई सड़क सुरक्षाबारे जागरूक गराउने उद्देश्यले आयोजना गरिएको अभियानअन्तर्गत आजको कार्यक्रममा ट्राफिक पुलिस श्री फुर्बा कुमार शेर्पा, साई नाम्चीका प्रशिक्षक श्री प्रविण कुमार र नेहरू युवा केन्द्र, नाम्चीका प्रतिनिधि उपस्थित थिए।
यस अभियानको मुख्य उद्देश्य युवाहरूलाई सडक सुरक्षा मापदण्डहरूमा प्रशिक्षित हुने अवसर प्रदान गर्नका साथै स्थानीयहरूबीच सान्दर्भिक सघन सडक सुरक्षा सचेतना गतिविधिहरू सञ्चालन गरेर जागरूकता फैलाउनु हो।

---------------------------------------X---------------------------------------

- <u>Weather</u>

राज्यको मौसम विज्ञान विभागबाट प्राप्त जानकारीअनुसार गान्तोक र वरपर क्षेत्रहरूमा बितेको चौबिस घण्टामा अधिकतम तापमान पन्द्र दशमलौ छह् डिग्री सेल्सियस र न्यूनतम तापमान आठ दशमलौ आठ डिग्री सेल्सियस रेकार्ड गरियो।
विभागले भोलि तेहीस जनवरीमा आकाशमा हल्का बादल छाउनका साथै अधिकतम तापमान बाह्र डिग्री सेल्सियस र न्यूनतम आठ डिग्री सेल्सियस रहने पूर्वानुमान गरेको छ।

--------------------------------------X--------------------------------------